"समुन्नत विहादी, सम्मानित विहादीवासी"

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८३।०८४

चलानी नं. :-

मिति :-

२०८३।०६।२८

ने.स. ११४६ कौलाथ्व ४ बुधवार

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

शुभकामना सन्देश !

नेपालीहरूको महान पर्व **बडा दशैं, विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०८३** को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका समस्त दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

हर्षोल्लासपूर्वक मनाइने हाम्रा विभिन्न चाडपर्वहरूले भौगोलिक, सांस्कृतिक र भाषिक विविधताका बीच रहेको मौलिक सांस्कृतिक एकता, आपसी मेलमिलाप, भ्रातृत्व, सामाजिक सद्भाव र सहिष्णुतालाई अझ सुदृढ बनाउनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु।

चाडपर्व मनाउँदा आवश्यक सावधानी एवं सजगता अपनाउनु अपरिहार्य छ। हाम्रो सानो असावधानीले परिवार र समुदाय नै ठूलो जोखिममा पर्न सक्ने भएकाले, यी उल्लासमय पर्वहरूलाई पारिवारिक घेराभित्रै सीमित राखी आशीर्वाद ग्रहण गर्न तथा शुभकामना आदानप्रदान र पुनर्मिलनका लागि प्रविधिको अधिकतम प्रयोग गर्न हार्दिक आह्वान गर्दछु।

अन्तमा, हाम्रो भौगोलिक, सांस्कृतिक एवं सामाजिक विविधताभित्रको एकतालाई अझ सुदृढ पार्दै पारस्परिक सहयोग र सद्भावका साथ **"समुन्नत विहादी, सम्मानित विहादीवासी"** निर्माणको साझा अभियानमा सबैको हातेमालो र सहयोग पुग्नेछ भन्ने विश्वास व्यक्त गर्दछु।

हार्दिक शुभकामना!

धन्यवाद !

परविन गुरुङ
अध्यक्ष

मिति २०८३ आसोज २८ गते बुधवार

Website:-www.bihadimun.gov.np, Email:- info@bihadimun.gov.np, bihadi.ruralmun@gmail.com